कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड १, संख्याः / मितिः २०८०।०४।०५

भाग-१

## एम्बुलेन्स सञ्चालन निर्देशिका-२०८०

कलैया उपमहानगरपालिका

कलैया, बारा

मधेश प्रदेश

नेपाल

CamScanner

हस्ताक्षर:........
नाम, थर: बिनोद प्रसाद साह
पद: नगर प्रमुख
प्रमाणिकरण मिति:२०८०।०४।०५
पृष्ठ संख्या: ०६

# एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८०

**प्रस्तावना :**

कलैया उपमहानगरपालिका भित्रका बासिन्दाहरुलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन उपमहानगरपालिकाको घोषित निति अनुरुप सरल व्यवस्थीत र भरपर्दो किसिमले स्वास्थ्य सेवा पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न र एम्बुलेन्सका कारण समयमा स्वास्थ्य सेवा प्राप्त गर्न नसक्ने विरामीलाई स्वास्थ्य सेवाको पहुच पुऱ्याउन एम्बुलेन्स सेवा पारदर्शी सरल विश्वसनीय बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि कलैया उपमहानगरपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१) सक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम कलैया उपमहानगरपालिका एम्वुलेन्स सेवा सञ्चालन निर्देशिका, २०८० रहेको छ

ख) यो निर्देशिका उपमहानगरपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

क) एम्वुलेन्स भन्नाले विरामीलाई सेवा दिन स्विकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्वुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

ख) एम्वुलेन्स जनशक्ती भन्नाले एम्वुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ ।

ग) चालक भन्नाले एम्वुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

घ) उपमहानगरपालिका भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनु पर्छ ।

ङ) सेवा शुल्क भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउने समितिले तोकेको शुल्क सम्झन पर्छ ।

च) समिति भन्नाले दफा (३) बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झिनु पर्छ ।

छ) सेवा भन्नाले एम्वुलेन्सले विरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३ . एम्वुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :** १) एम्वुलेन्स सेवा सञ्चालनका व्यवस्थापन अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहनेछन् ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उप-प्रमुख | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको व्यक्ति | सदस्य |

बिनोद प्रसाद साह
नगर प्रमुख

राजश्व शाखा प्रमुख — सदस्य
स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

**४) समितिको काम, कर्तव्य र अधिकार :**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बामोजिम हुनेछ ।

क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता तयार गरि लागु गराउने । यस निर्देशिका अनुसारका आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिई करार सम्झौता रद्द गर्न उपमहानगरपालिका कार्यालय लाई निर्देशन दिने ।

ग) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनवाई तथा व्यवस्थापन गर्ने ।

घ) जिल्लास्तरमा एम्बुलेन्स सम्वन्धी कायम भएको दररेटलाई समितिका पधाधिकारीहरुले आवश्यकता अनुसार परिमार्जित गर्ने ।

ङ) सरोकारवाला तथा अन्य संघहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) उपमहानगरपालिकाको विशिष्टतालाई ध्यानमा राखी आवश्यकता अनुसार एम्बुलेन्स सेवा सञ्चालनका लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ) चालकले अनुसूची १ बमोजिम सेवा शुल्क लिई बैंक/विविध खर्च खातामा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

२) समतिका सदस्य-सचिवले सेवा प्रवाह स्थितिका अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा समितिमा पेश गर्नु पर्नेछ ।

३) उपमहानगरपालिका भित्रका सेवाग्राही, कार्यरत कर्मचारीहरु लाई विशेष छुट दिने विषयमा निर्णय गर्नेछ ।

**५) सेवा शुल्क सम्वन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्वन्धित सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कका रुपमा बुझाउनु पर्नेछ ।

२) एम्बुलेन्स सेवा बापत उठेका रकम कलैया उप-महानगरपालिकाको विविध खर्च खातामा जम्मा गर्नुपर्नेछ ।

३) सेवा शुल्क बापत लिइने रकमको असुलिका लागि उपमहानगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदका अभिलेख/नियन्त्रण खाता उपमहानगरपालिकाको राजस्व शाखामा राखिनेछ ।

४) सेवा दिएवापत लिइने सेवा शुल्क नगदी रसिद काटी उपमहानगरपालिकाका विविध खर्च खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

५) विविध खर्च खाताको रकम उपमहानगरपालिकाले स्वीकृत गरेका वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईनेछ, कोषको रकम सामान्यतया चालकको तलब, भत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार , एम्बुलेन्स र चालकको बिमा र एम्बुलेन्समा रहने अति आवश्यक सामग्री लगायतको खरिदमा खर्च गरिनेछ ।

**६) चालकको नियुक्ति र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा सञ्चालनका लागि उपमहानगरपालिकाले एउटा एम्बुलेन्सका लागि एक जना योग्यता पुगेको चालक सेवा करार वा ज्यालादारीमा नियुक्ति गर्नेछ ।

२) चालकको सेवा सुविधा तलब बाहेक काठमाण्डौ र पोखरा प्रति दिन रु १२००/-, र चितवनको हकमा प्रतिदिन रु १०००/- को दरले र अन्यको हकमा अनुसूची (१) बमोजिम हुनेछ ।

विनोद प्रसाद साह
नगर प्रमुख

३) चालकको रु ५ लाख सम्मको दुर्घटना बीमा गरिनेछ । बीमाका प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिमको विविध खर्च खाताबाट व्यहोरिनेछ ।

४) चालकले पालना गर्नुपर्ने आचर सहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**७) एम्बुलेन्स रहने स्थान र सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स उपमहानगरपालिकाको हाता वा उपमहानगरपालिकाले तोकेको स्थानमा रहनेछ ।

२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ । मर्मत गर्नु पर्ने भएमा विविध खर्च खाताको रकमबाट नियमानुसार उपमहानगरपालिकाले तोके बमोजिम् हुने ।

८) विविध :

१) एम्बुलेन्समा रहने न्युनतम सेवा सुविधा तथा औषधीका विवरण अनुसुची (३) बमोजिम हुनेछ ।

२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त बढीमा २ जना सहित स्वास्थ्यकर्मीको विमाको दायित्व समेत उपमहानगरपालिकाको हुने छ । रकमबाट विमा रकम सम्झौता गरि बढिमा चालक, स्वास्थ्यकर्मी सहित ५ जनाको विमा गरिनेछ ।

३) उपमहानगरपालिका भित्र रहेका गर्भवती, असहाय, अपाङ्ग (क र ख वर्ग ) जेष्ठ नागरीक (६५ वर्ष माथिका व्यक्तिहरु) को हकमा सम्वन्धित टोलबाट प्रादेशिक अस्पताल कलैया उपमहानगरपालिका संस्था सम्म निशुल्क सेवा दिईनेछ ।

४) यस निर्देशिकामा उल्लेखित विषय यसै बमोजिम हुने र अन्य विषयको हकमा निर्णय गर्नुपरेमा समितिको निर्णयनुसार हुनेछ ।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पत्र नं. २, कलैया, बारा
२०७३

विनोद प्रसाद साह
नगर प्रमुख

अनुसूची १
एम्बुलेन्स भाडा दररेट

| सम्म | कि.मि. | जम्मा भाडा |
|---|---|---|
| काठमाण्डौ | २९० | १२००० |
| पोखरा | २६० | १२००० |
| भरतपुर | १३५ | ७००० |
| बिरगंज | १५ | १२०० |
| चन्द्रनिगाहपूर | ५६ | ४००० |
| गौर | ५० | ४००० |
| हेटौडा | ६५ | ४५०० |

लोकल भाडा, कलैया अस्पतालबाट,नगर पिच बाटो प्रति किलोमिटर रु ४० का दरले थपिनेछ । ग्राभेल बाटोमा प्रति कि.मि रु १०० का दरले थपिनेछ । कच्ची बाटोमा प्रति कि.मि रु १८० का दरले थपिनेछ ।

विनोद प्रसाद साह
नगर प्रमुख

CamScanner

## अनसूची २

(निर्देशिकाको दफा ६ को उपदफा (३) संग सम्बन्धित )

एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८० लाई पुर्णतः पालना गर्नुपर्नेछ ।

२. आफनो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफनो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३ मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा विरामीका परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

आफैले लिइएका निर्णयहरुमा आफ्नै व्यक्तिगत रूपमा जिम्मेवारी र जवाफदेही हुनपर्ने,

६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथै आफैमा भएका मेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने ।

७ कुनै पनि विरामीलाई ओसारपसार गर्नु अधि उसका बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८ विरामीलाई विच बाटोमा अलपत्र हुने गरि छाड्न नहुने ।

९. आफ्नो कामको सिलसिलामा पाएको कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी लेखी पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायीत्व निर्वाह गर्न वा विरामीको सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुयाउनु पर्ने ।

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मदत पुयाउनुपर्ने ।

११. आफुले उचित देखेका विरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरुको जनाकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने ।

१२. नेपाल सरकारले प्रतिबन्ध लगाएका बस्तुहरु ओसार पोसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन, नियम अनुसार स्वयं सजायको भागेदार हुनेछ ।

म................................................. ठेगाना ................................................ ना.प्र.प.नं. ............................ जारी मिति .............................. जिल्ला ड्राइभिङ्ग लाइसेन्स नं. ..........................जारी मिति ......................ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । जिल्ला बारा कलैया उपमहानगरपालिका एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहि छाप गरको छु ।

चालकको :
दस्तखत :
मिति :
संस्थाको छाप :

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको
दस्तखत :
नाम :
पद :
मिति :

कलैया उपमहानगरपालिका ... प्रदेश नं. २, कलैया, बारा २०७३

विनोद प्रसाद साह
नगर प्रमुख

अनसूची ३

(निर्देशिकाको दफा ८ को उपदफा (१) संग सम्बन्धित ।

"ख" वर्गको (Common life Support (CLS)) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

| Emergency equipiments | | Others |
|---|---|---|
| 1.Stethoscope<br>2. B.P set<br>3. Torch Light<br>4. Tongue Depressure<br>5. IV Drips<br>6. Cannula and Syringes<br>7. ECG monitor and oxygen monitor<br>8. Intubation set<br>9. Various intubation tubes and laryngeal tubes<br>10. Nebulizer set<br>11. Ambu bag | 12. Manual suction set 13. Cervical collars<br>14. CPR board<br>15. Oxygen supply<br>16. Automated external defibrillator (AED)<br>17. Delivery sets<br>18. Dressing Sets<br>19. Splints<br>20. Catheterizations sets 21. Haemostatic sets | 22. Others<br>• Washing equipment<br>• Wheelchair and trolley • Radio communication • Two-way video consultation device<br>• Mobile device with 4G connectivity,<br>• Walkie Talkie<br>• Camera<br>• GPS (Geographical Positioning System) |

हस्ताक्षरः.........................

नाम, थरः बिनोद प्रसाद साह

पदः नगर प्रमुख

प्रमाणिकरण मितिः२०८०।०४।०५

पृष्ठ संख्याः ०६

बिनोद प्रसाद साह
नगर प्रमुख